# दफा ४ तथा अनुसूची-१ को भाग-१ संग सम्वन्धित

## मकवानपुरगढी गाउँपालिका

## द्धारा प्रकाशीत

## मकवानपुरगढी राजपत्र

खण्ड :२ संख्या :१ मिति :२०७५।४।१

भाग -१

मकवानपुरगढी गाउँपालिका

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले

नाम : भिम वहादुर परियार

प्रमुख प्रशासकीय अधिकृत

*प्रमाणिकरण मितिः २०७५/३/२०*

# मकवानपुरगढी गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७५

## सभावाट स्वीकृत मितिः २०७५/३/१७

**प्रस्तावना :** मकवानपुरगढी गाउँपालिका आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मकवानपुरगढी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७५” रहेको छ ।
(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि मकवानपुरगढी गाउँ पालीकाको क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः**मकवानपुरगढी गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):**मकवानपुरगढीगाउँपालिका क्षेत्रभित्र अनुसूचि ( २) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः**मकवानपुरगढीगाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि ( ३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** मकवानपुरगढीगाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवा मा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी , जीवजन्तु र निकासि करः**मकवानपुरगढीगाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, अन्न ,जिवित जन्तु, कवाडी माल र प्रचलित कानूनले निषे ध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** मकवानपुरगढीगाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि ( ६) बमोजिम सवारी साधन कर तथा गाउपालीकाको आफ्नो क्षेत्र भित्रका मोटर वाटोमा पटके सवारी कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः**मकवानपुरगढीगाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ( ७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर**: मकवानपुरगढीगाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि ( ८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** मकवानपुरगढीगाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः**मकवानपुरगढि गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर, प्याराङलाडिङ र र्याीफ्टीङ्ग शुल्कः**मकवानपुरगढीगाउँपालिका आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्यागफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** मकवानपुरगढीगाउँपालिका निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि ( १२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **उद्यान पार्क ऐतिहासिक तथा पुरातात्विक सम्पदा जस्ता सम्पदाको उपयोगको प्रवेश शुल्क तथा पर्यटन शुल्कः**मकवानपुरगढीगाउँपालिका आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । मकवानपुरगढीगाउँपालिकाआफ्नोक्षेत्रभित्रकाउद्यानपार्कऐतिहासिकतथापुरातात्विकसम्पदाजस्तासम्पदाकोउपयोगकोप्रवेशशुल्कनिम्नअनुसारतोकिएकोछ। ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. वातावरणीय तथा प्रदुषण शुल्क : मकवानपुरगढी गाउपालिका क्षेत्र भित्रको प्राकृतिक श्रोत र साधनहरुको यस गाउ पालिका क्षेत्र वाहिर प्रयोग गर्न लगे वापत यस गाउपालिका स्थानिय वासिन्दालाइ पार्ने वातवरणीय, जैवीक,मानविय,स्वास्थ्य तथा भौतीक क्षेत्रमा पार्ने प्रभाव तथा लाइ कम गर्न तथा त्यस प्रकारको क्षतीलाइ न्युनीकरण गर्न प्राकृतिक श्रोत साधन गाउपालीका वाहिर ला गे वापत वाट अनुसुचि (१४) मा उल्लिखित दरमा वातावरणीय**तथा**प्रदुषण शुल्क लगाइने र असुल उपर गरिने छ ।

१६. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि मकवानपुरगढीगाउँपालिका तोके अनुसार हुने छ ।